LIBERTY MICRO LIFE

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।**

**कार्तिक १, २०८० देखि पुष २०८० को विवरण:**

| क.सं. | शिर्षक | कार्य विवरण |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बीमा ऐन, २०७९ बमोजिम लघु जीवन बीमा व्यवसाय गर्न नेपाल बीमा प्राधिकरणबाट बीमकको इजाजतपत्र प्राप्त लघु जीवन बीमा कम्पनी । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | बीमा ऐन-२०७९, बीमा नियमावली-२०४९, लघुबीमा निर्देशिका-२०७९ तथा नेपालको प्रचलित कानुनको अधिनमा रहि लघु जीवन बीमा सम्बन्धी व्यवसाय गर्ने, लघु जीवन बीमालेख जारी गर्ने, बीमा दाबी भुक्तानी गर्ने, बीमा व्यवसायको पुनर्बीमा गर्ने, निकायको शाखा संजाल विस्तार गर्ने, लघु जीवन बीमा सम्बन्धी जागरुकता मुलक कार्यक्रम गर्ने । |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | यस अवधि सम्ममा कुल कर्मचारी संख्या २६ रहेको छ । कार्यरत सबै कर्मचारी विभिन्न तह तथा पदमा निकायको केन्द्रिय तथा शाखा कार्यालयहरुमा प्रमुखको निगरानीमा रही कार्य गर्ने/गराउने गरिएको छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | बीमा ऐन-२०७९ र लघुबीमा निर्देशिका-२०७९ बमोजिम लघु जीवन बीमा कम्पनीले प्रदान गर्ने सम्पुर्ण सेवाहरु । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | यस अवधि सम्ममा यस कम्पनीको १ केन्द्रिय कार्यालय, १ प्रादेशिक कार्यालय र ७ वटा शाखा कार्यालयबाट व्यवसाय संचालन र सेवा प्रदान भै रहेको छ । केन्द्रिय, प्रादेशिक तथा शाखा कार्यालयहरुमा क्रमश: विभागिय प्रमुख, प्रदेश प्रमुख र शाखा प्रमुखलाई जिम्मेवार अधिकारीको रुपमा कार्य गर्न व्यवस्था मिलाईएको छ । |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | यस कम्पनीका बीमा योजना उपभोग गर्नको लागि बीमित/प्रस्तावकको उमेर, पेशा र अन्य आवश्यक विवरणको आधारमा जोखिम विश्लेषण गरि निर्धारण गरिएको स्वीकृत बीमाशुल्क बाहेक अन्य कुनै दस्तुर नलिने गरिएको छ । |
| ७ | निर्णय गर्ने प्रकिया र अधिकार | कम्पनीको कारोबार तथा संचालन सम्बन्धमा निर्णय गर्ने अधिकार कम्पनीको संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, संचालक समितिद्धारा गठित उप-समितिहरु तथा अधिकार प्रत्यायोजन गरेको खण्डमा विभागिय प्रमुख तथा अन्य पदाधिकारीहरुले गर्ने गरि व्यवस्था मिलाइएको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | निर्णय उपर उजुरी गर्नु परेमा कम्पनीको प्रमुख कार्यकारी अधिकृत समक्ष गुनासो तथा उजुरी दिन सकिनेछ । |
| ९ | सम्पादन गरेको कामको विवरण | बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९ तथा नियमक निकायबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम लघु जीवन बीमा कम्पनीले गर्ने सबै कार्यहरु सम्पादन गर्ने गरिएको छ । |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद | सूचना अधिकारी नाम:- दिग्विजय सिंघल, पद-नायव महाप्रबन्धक । प्रमुखको नाम:- राम कुमार यादव, पद-प्रमुख कार्यकारी अधिकृत । |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि | बीमा ऐन-२०७९, बीमा नियमावली-२०४९, लघुबीमा निर्देशिका-२०७९, कम्पनी ऐन-२०६३, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन-२०६४, आयकर ऐन-२०५८, श्रम ऐन-२०७४, श्रम नियमावली-२०७५, बोनस ऐन-२०३०, सूचनाको हक सम्बन्धि ऐन-२०६४, सूचनाको हक सम्बन्धि नियमावली-२०६५ लगायत नेपाल बीमा प्राधिकरणबाट तथा अन्य नियमक निकायबाट जारी निर्देशिका तथा परिपत्रहरु । |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण प्रत्येक त्रैमास समाप्त भएको ३० दिन भित्र “अपरिष्कृत वित्तीय विवरण” तयार गरि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्ने गरिएको र कम्पनीको वेबसाइटमा समेत राख्ने गरिएको छ । साथै कम्पनीको “परिष्कृत वार्षिक वित्तीय विवरण” श्री नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भए पश्चात कम्पनीको वेबसाइटमा राख्ने गरिएको छ । |
| १३ | तोकिए बमोजिमका अन्य विवरण | तोकिए बमोजिमका अन्य विवरण सम्बन्धित नियमक निकाय र संगठित संस्थामा पेश गर्ने गरिएको । |
| १४ | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण | अघिल्लो आर्थिक वर्षमा यस कम्पनीको व्यवसाय शुरु नभएकोले कुनै कार्यक्रम गरिएको थिएन । |
| १५ | सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण | www.libertymlife.com.np |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण | नभएको । |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | कम्पनीले बीमा सचेतना सम्बन्धि १७ वटा र अभिकर्ता तालिम १७ वटा संचालन गरेको छ । |
| १८ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | कम्पनीसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी कम्पनीको गोपनियता सम्बन्धी हक भंग नहुने गरि कम्पनीको प्रधान कार्यालय पोखरा तथा प्रादेशिक कार्यालय काठमाण्डौं बाट कार्यालय समयमा प्राप्त गर्न सकिने छ । |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | नभएको । |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा भएको भए सो को विवरण | कम्पनीको त्रैमासिक वित्तीय विवरण, अभिकर्ता तालिम कार्यक्रम, कर्मचारी पदपुर्ती सम्बन्धी सूचना पत्रिका तथा कम्पनीको वेबसाइट www.libertymlife.com.np मा प्रकाशन गरिएको छ । |


**लिबर्टी माइको लाइफ इन्स्योरेन्स लिमिटेड**

**केन्द्रिय कार्यालय, न्यूरोड कम्प्लेक्स, न्यूरोड, पोखरा-०८, कास्की । फोन : ०६१-५९१०९७/९८ ०१-५९१८३९७/९८**

**इमेल : info@libertymlife.com.np। वेबसाइट : www.libertymlife.com.np**